# टी.बी. बुलेटीन

नेपाल क्षयरोग निवारण संस्था

कालिमाटी, काठमाडौं

अंक ३ वर्ष: १० पौष - फाल्गुण, २०७२


## Organizing Committee Meeting of 3rd SEAR Conference







## MESSAGE FROM THE CHAIR



Nepal Anti TB Association (NATA), a nongovernmental, nonprofit making organization has been one of the oldest and pioneering organizations working in the field of prevention, diagnosis and surveillance of TB as well as other lung diseases and HIV/AIDS. Its combat against TB has completed over six decades successfully. Only a few months back it celebrated its 62nd Anniversary. With the help of different governmental and nongovernmental organizations, INGO'S and NGO's and social activists, NATA has been able to meet its targets and continue being one of the leading organizations in TB control in Nepal. NATA is also an active member, as Nepal is a constituent member, of South East Asian Region of The Union. The 3rd conference of The Union-SEAR is to be held in Nepal from 26th to 28th of May 2016. NATA is going to host the conference. It is strongly hoped that this historic 3rd conference will be very successful and instrumental in devising new techniques of TB prevention, innovating further effective methods of combating TB and bringing all the stakeholders in South East Asia together in one forum with new commitments.

As the chairperson of The Union-SEAR , I'd like to appeal all the concerned health experts, doctors, health workers and organizations in the field of health , well-wishers and all national and international stakeholders to help make the conference a grand success.

As TB is one of the deep rooted diseases and gets easily transferred, it can't be uprooted simply by the efforts of single organization or an individual. It demands joint and sincere efforts from all quarters.

Hoping for your full co-operation, as in the past, towards controlling, diagnosing and curing TB, I wish every individual played his/her own role in this regard to make Nepal TB free one day.

Thank You.

*Devendra Bahadur Pradhan*

President

# सम्पादकीय

मानव समाजले स्वास्थ्य क्षेत्रमा ल्याएका विविध असरदार आयाम संगै रोगहरु पनि त्यत्तिकै घातक र औषधी प्रतिरोधी बन्दै गएको तितो यथार्थ हामी सबैमाँझ घाम जत्तिकै स्पष्ट छ। आजभन्दा झण्डै १३३ वर्ष अगाडि जर्मन वैज्ञानिक डा. रोवर्ट कक्ले क्षयरोगका किटाणु माइक्रोब्याक्टेरियम ट्युबरकुलोसिस पत्ता लगाई सकेको र यस विरुद्धको औषधी समेत आजभन्दा झण्डै ७० वर्ष भन्दा पनि पहिले पत्ता लगाई प्रयोगमा आईसकेको थियो । नेपालको सन्दर्भमा क्षयरोग विरुद्ध सरकारी एंव गैर सरकारी तवरमा संचालित विविध कार्यक्रमहरुले योगदान पुर्याउदै आएको भए पनि अझै न्यून मात्र भएको प्राप्त तथ्यांक विश्लेषणबाट थाहा हुन्छ । यी सबैका बाबजुद हालसम्म पनि क्षयरोग एउटा विश्व चुनौतीको रुपमा रहिरहनु सम्पूर्ण मानव समाजको लागि दुर्भाग्यको विषय हो । अन्य खालको रोगभन्दा सर्ने अवस्थाको कुरा गर्दा टी.वी.रोग अति शीघ्र फैलिन सक्ने हुन्छ । औषधी र उपचारको प्रक्रियाको विकासले हाल हामी संग क्षयरोग विरुद्ध झण्डै २० भन्दा बढी प्रकारको औषधीहरु भएपनि यो रोग समेत एम.डी.आर.र एक्स.डी.आर गर्दै अझ चुनौतिपूर्ण बन्दै गएको यथार्थ पनि छ। धेरै चर्चामा आउन नसकेको तर सुसुप्त अवस्थामा मानव शरीर भित्र रहिरहने Latent TB ले समेत चुनौती थप्दै जाने सम्भावना उत्तिकै प्रवल छ। नेपाली समाजको कुरा गर्दा सबै क्षयरोगीहरु पहुँचमा आउन नसक्नु प्रमुख चुनौतिको रुपमा देखिन्छ । यसको पछाडि भौगोलिक, आर्थिक एंव स्वास्थ्य चेतना संग सम्बन्धीत समस्याहरु लगायत समाजमा व्याप्त यस रोग र रोगी प्रतिको दृष्टिकोण पनि एक हो। एक कर्तव्य परायण नागरिकको रुपमा प्रत्येक नेपालीले रोगलाई होइन रोगीलाई माया गर्नु जान्नु पर्छ। यस वर्षको शूरुवातमा नै देशमा आएको विनासकारी भूकम्प र त्यसपछिका पराकम्पनहरुले विभिन्न क्षेत्रमा पारेका नकारात्मक असरहरु नसकिदै फेरि नेपालमा अर्को समस्याको रुपमा नाकाबन्दी देखिन थाल्यो । त्यसले औषधी वितरण लगायतमा अन्य स्वास्थ्य क्षेत्रमा समेत नराम्रो असर पुर्याउदै गए पनि नेपाल क्षयरोग निवारण संस्थाले आफूले प्रवाह गर्ने सेवा निर्वाद रुपमा पुर्याउदै आईरहेको छ।

नेपाल क्षयरोग निवारण संस्था, नेपालको क्षयरोग निवारणको गतिविधिमा एउटा जेष्ठ एंव अग्रणी संस्था हो। आफ्नो ६ दशक भन्दा लामो यात्रा सफलता पूर्वक पुरा गर्न सकेकोमा संस्थालाई बधाई ज्ञापन गर्दै आगामी यात्रा अझ बढी फलदाई र सफलतम हुँदै जाओस् भन्ने कामना यस सम्पादक कमण्डल व्यक्त गर्दछ। यस अघिको टी.वी. बुलेटिनको संस्करण संस्थाको ६२ औं जन्म दिवसको पुनित अवसरको विशेषांकको रुपमा तपाईहरु समक्ष पुर्याउन पाएकोमा सम्पादन मण्डल अति नै हर्षित भएको छ।

The 3rd Conference of The Union South East Asian Region (SEAR) May 26th - 28th, 2016 मा काठमाडौंमा हुन लागेको यहाँहरुमा जानकारी गराउँदै सबै आवद्ध पक्षहरुसंग आफू वा आफ्नो संस्थाद्वारा हुन सक्ने सहयोगका लागि अनुरोध गर्दछौं । साथै आफ्नो संस्थाद्वारा गरिएका कियाकलाप, विवरण तथा सम्बन्धीत लेख, रचनाहरु उपलब्ध गराई दिनु भै यस बुलेटिनलाई अझ बढी उपयोगी बनाउन सहयोग गरिदिनु हुन विशेष अनुरोध गर्दछौं।

धन्यवाद ।

# The 3rd Conference of The Union South-East Asia Region (SEAR)-2016

The third South East Asian Regional Conference of The Union is to be held in Kathmandu from 26th to 28th, May 2016.The conference will be hosted by NATA (Nepal Anti Tuberculosis Association) and the venue is Hotel Yak &Yeti ,Kathmandu. There are Bangladesh, India, Myanmar, Pakistan, Sri Lanka and Nepal as the constituent members of The Union South-East Asia Region.

The second conference of the Union (SEAR) was held in Dhaka, Bangladesh in 2014 and was hosted by NATAB (National Anti Tuberculosis Association of Bangladesh.). Prior to the existence of SEAR all the countries above and others were in the Eastern Region known as IUATLD-Eastern Region.

SEAR is chaired by Nepal presently: Mr. Devendra Bahadur Pradhan, the chairman of NATA is the Chairman of SEAR. The Organizational members are SAARC Tuberculosis and HIV/ AIDS Centre (STAC), whereas associate organizational member is India. The Union South-East Asian Region is made up of more than 400 organizations and individuals.

All the preparations for the upcoming conference are underway. Different Committees and Boards for the 3rd SEAR conference are being formed in the following ways:

## Organizing Committee The 3rd Conference of The Union (SEAR)

| | |
|---|---|
| President | Mr. Devendra Bahadur Pradhan |
| General Secretary | Mr. Madan Kaji Shrestha |
| Treasurer | Mr. Sudarshan Bahadur Shakya |

# Honorable Members: Organizing Committee the 3rd Conference of The Union (SEAR)

1. Ms.Kamal Rana(Past President)
2. Mr. Indra Prasad Shrestha (Vice President)
3. Mr. Bed Prasad Koju (Vice President)
4. Mr. Madan Gopal Mainali (Asst.Secretary General)
5. Mr. Mahendra Gopal Karmacharya (Asst. Treasurer )
6. Mr.Shankar P. Deepak
7. Mr. Arun Pratap Rana
8. Mr.Raj Kishor Prasad Yadav
9. Mr. Basant Kumar Nepal
10. Mr.Gopal Shrestha
11. Mr. Kiran Man Pradhan
12. Mr. Man Bahadur Khadgi
13. Mr.Krishna Kumar Shrestha
14. Ms. Machhindra Devi Shrestha
15. Mr.Rajan Shrestha
16. Ms. Radha Devi Maskey
17. Mr. Gopal Bahadur Singh
18. Dr. Bikash Lamichhane (Director, NTC)
19. Dr. Mohan Kumar Prasai(NTC)
20. Dr.Sharat Chandra Barma (Director, SAARCTB/HIV, Centre)
21. Dr. Gauri Shankar Lal Das
22. Dr. Pushpa Malla
23. Dr. Kehab Bhakta Shrestha
24. Dr. Kashi Kant Jha
25. Dr.Bhawana Shrestha (GENETUP)
26. Dr.Dirgha Singh Bam
27. Dr. Komal Kiran Pradhan (Chest Hospital, Kalimati)
28. Dr. Kulesh Bahadur Thapa(BNMT)
29. Dr. Bharat Pradhan (Chairman,ANGHOS)
30. Mr.Bikram Byanju
31. Mr. Babu Kaji Shrestha
32. Ms. Tara Chhetri (Save The Children)
33. Mr.Anil Bahadur Thapa (NTC)
34. Mr. Narayan Prasad Dahal (NTC)
35. Dr.Susil Chandra Baral (HERD)
36. Mr. Bijaya Pandey(Naya Goreto)
37. Mr.Miraz Roshan Thakuri(FAITH)
38. Mr.Ram Sharan Gopali(JANTRA)
39. Mr. Sharan Ranjit(HSWO)
40. Dr.Nihal Singh(WHO Representative)

## Sub-committees:

| Sub-committees | Chairpersons |
|---|---|
| Scientific Affairs | Dr. Bikash Lamichhane |
| Public Relations | Mr. Indra Prasad Shrestha |
| Opening & Closing | Mr. Madan Gopal Mainali |
| Registration | Mr. Bed Prasad Koju |
| Resources & Funds | Mr. Mahendra Gopal Karmacharya |
| Publications | Mr. Shankar P. Deepak<br>Mr.Gopal Bahadur Singh |
| Exhibitions | Dr. Bhawana Shrestha |
| Conference Management | Mr. Arun Pratap Rana<br>Mr.Raj Kishor Prasad Yadav |
| Logistics & Provision | Mr. Gopal Shrestha<br>Mr.Man Bahadur Khadgi |
| Hospitality | Ms. Radha Devi Maskey |
| Social Programs | Mr. Basanta Kumar Nepal<br>Ms.Machhindra Devi Shrestha |
| Souvenir | Mr. Kiran Man Pradhan<br>Mr.Rajan Shrestha |
| Publicity | Mr. Krishna Kumar Shrestha |

The Scientific Committee of the 3rd SEAR Conference has been constituted under the chairmanship of Dr. Bikash Lamichhane, the Director of National Tuberculosis Centre. The scientific committee includes the following experts as its members.

## Scientific Committee

| Names of the Doctors | Designations and offices | Scientific Committee |
|---|---|---|
| Dr. Biksah Lamichhane | Director, National Tuberculosis Centre | Chairperson |
| Dr.Sharat Chandra Barma | Director, SAARC TB and HIV Centre | Member |
| Dr.Mohan Kumar Prasai | Chest Physician, NTC | Member |
| Dr.Komal Kiran Pradhan | Chest Physician Kalimati Chest Hospital | Member |
| Dr.Ashish Shrestha | Medical Officer, NTC | Member |
| Dr.Pramod Raj Bhattarai | Medical Officer, NTC | Member |
| Dr. Dipendra Raman Singh | Director, National AIDS/HIV Centre | Member |
| Dr.Pushpa Malla | Former Director NTC | Member |
| Dr.Bhawana Shrestha | Chief ,GENETUP | Member Secretary |

## The theme of the 3rd Conference of The Union South-East Asia Region:

The scientific committee has decided the theme for the 3rd conference. The theme decided is **"TB and Lung Health".** The theme reflects that tuberculosis; to a great extent is a lung disease; however it can't be taken as a lung disease only. Precisely it means that once an individual possesses healthy lungs his/her vulnerability to tuberculosis is lessened to an extent. Putting in simple terms, the theme **"TB and Lung Health"** can be understood as the key expression that incorporates all kinds of known/unknown TB cases from latent TB to XDR TB. Besides, it obviously extends itself to different causes of TB, its vulnerability among the patients with HIV/AIDS, diabetes and leprosy. Lung health signifies the health of the lungs, lung health hazards, efforts made for the promotion of lung health and on the top the geographical, economical and social diversities contributing to the severity or worsening lung health. Thus the theme surpasses all the causes, impacts, the victims and the solutions in this regard. So, the theme should be understood as "Promoting Lung Health is a step ahead towards making the world TB free"

## Submission of Abstracts:

The Scientific committee has also finalized the time-line and the topics and sub-topics for the abstracts to be presented in the conference. According to the time-line, the submission of abstracts is open from 20th December, 2015 and the deadline for the same is 7th April, 2016. The review of the abstracts received will be going side by side and the authors will be informed once their abstracts are reviewed and accepted.

## CONFERENCE MANAGEMENT

HOUSE of RAJKARNICAR
CONFERENCES & INCENTIVES

G.P.O. Box: 4258
Kathmandu, Nepal
Tel: +977-1-543018, 543019,Fax: +977-1-527724
E-mail: meenu@h-of-r.com
Website: www.h-of-r.com

House of Rajkarnicar, a reputed and leading Conference Management Organization has got the responsibility for managing the 3rd Conference of The Union South-East Asian Region. The venue of the conference will be Hotel Yak & Yeti, Kathmandu. A Special website **www.searconference.com** has been up and working regarding the conference. Besides giving information about the conference, it also provides the facility of online registration, online submission of the abstracts, stall booking at the conference vanue and hotel booking as well.

## ६२ औं राष्ट्रिय क्षयरोग नियन्त्रण दिवसः केन्द्रीय कार्यक्रम

६२ औं राष्ट्रिय क्षयरोग नियन्त्रण दिवस तथा नेपाल क्षयरोग निवारण संस्थाको स्थापना दिवस हरेक वर्ष झैं यस वर्षपनि २०७२ मंसिर १३ गते आईतबारका दिन समाजलाई क्षयरोग मुक्त बनाऔं, सबैले यसमा प्रतिवद्धता जनाऔं" भन्ने नाराका साथ मनाईयो । संस्थाका केन्द्रीय सदस्य श्री बसन्त कुमार नेपालज्यूको स्वागत मन्तव्यबाट शुरु भएको उक्त कार्यक्रम संस्थाका महासचिव एंव कार्यक्रमका सभापति श्री मदनकाजी श्रेष्ठज्यूले पानसमा दीप प्रज्वलन गरी समारोहको उद्घाटन गर्नु भएको थियो । कार्यक्रमका सभापति श्री मदन काजी श्रेष्ठज्यूले केन्द्रीय सदस्यहरु, संस्थाका कर्मचारी तथा आमन्त्रित अतिथिहरुको उपस्थितिमा झण्डोत्तोलन गर्नु भयो । ग्लोबल फण्डको PR Save the Children बाट प्रतिनिधित्व गर्नुभएका श्री रविन्द्र थापाज्यूले Save the Children को लागि क्षयरोग कार्यक्रम नयाा भएकोले नेपाल क्षयरोग निवारण संस्थासंग उहाँहरुले NTP कार्यक्रममा सहयोग पुर्‍याए झैं संस्थाबाट सहयोग र सद्भावको अपेक्षा रहेको जानकारी गराउँनु भयो ।



लुकेका क्षयरोगीहरु पत्ता लगाई उपचारमा ल्याउन निकै नै चुनौतीपूर्ण कार्य भएकोले सो कार्य सम्पन्न गर्न संस्थाको सहयोग निकै नै महत्वपूर्ण रहेको जानकारी गराउनु भयो । उहाँले संस्थाद्वारा संचालित कालिमाटी चेष्ट अस्पताल, DR होस्टेल र जेनेटप Reference ल्याबको भ्रमण गर्नुभएको थियो । ६२ औं राष्ट्रिय क्षयरोग नियन्त्रण दिवसको अवसर पारेर संस्थाका गतिविधिहरु समेटिएको बुलेटिन विशेषांक संस्थाको काठमाडौं जिल्ला शाखाको कोषाध्यक्ष तथा आजीवन सदस्य तथा आमा घरको संचालिका श्री दिलशोभा शाक्यले विमोचन गर्नुभएको थियो । सभापतिको आसनबाट उपस्थित सबैलाई क्षयरोग नियन्त्रणमा सहयोग पुऱ्याउने सम्पूर्ण महानुभावहरुलाई धन्यवाद तथा क्षयरोगबाट दिवंगत हुनुभएकाहरुलाई श्रद्धाञ्जलि दिदै हरेक वर्ष क्षयरोग नियन्त्रण दिवसका दिन घोषणा हुने ओत्सुका पुरस्कार बाट सम्मानित हुनु भएकाहरुको नामावली घोषणा सहित सभा विसर्जन भएको जानकारी गराउनु भयो । यस वर्षको ओत्सुका पुरस्कारबाट सामाजिक कार्यकर्तातर्फ चितवन जिल्ला शाखाका सचिव श्री कृष्ण राज न्यौपाने, कर्मचारी तर्फ केन्द्रका वरिष्ठ लेखापाल श्री रामकाजी कार्की, जिल्ला शाखातर्फ दोलखा जिल्ला शाखा र मिडिया तर्फ रेडियो जनसंचार १०७.९ भक्तपुर सम्मानित भएको छ । कार्यक्रमको समापन सहित कालिमाटी चेष्ट अस्पताल, डी.आर होस्टेल र डट्स क्लिनिकका विरामीहरुलाई फलफूल वितरण गरिएको थियो ।




## जिल्ला गतिविधि

**बुलेटिनको यस खण्डमा नेपाल क्षयरोग निवारण संस्थाका शाखाहरु रहेका जिल्लाहरुमा सम्बन्धीत शाखाहरु वा केन्द्रको समन्वयमा शाखाहरुले गरेका विविध क्रियाकलाप मार्फत केन्द्रमा प्राप्त विवरणहरु समावेश गरिएको छ । यस बुलेटिन मार्फत नै हाम्रा सम्पूर्ण जिल्ला शाखाहरुलाई आफ्नो शाखाले गरेका क्षयरोग निवारण एंव रोकथाम सम्बन्धी सम्पूर्ण गतिविधिहरु समयमानै केन्द्रमा उपलब्ध गराईदिनु हुन आव्हान गरिन्छ । तपाई मार्फत भए गरेका क्रियाकलापहरु बुलेटिनमा प्रकाशित हुन सके यस रोग विरुद्धको संग्राममा संलग्न व्यक्तिहरु तथा संस्थालाई थप ऊर्जा प्राप्त हुने छ ।**

### चितवन जिल्ला शाखा :

नेपाल क्षयरोग निवारण संस्था चितवन जिल्ला शाखाको आयोजनामा ६२ औं राष्ट्रिय क्षयरोग नियन्त्रण दिवस विविध कार्यक्रमका साथ सम्पन्न गरियो । उक्त कार्यक्रमको पूर्व सन्ध्यामा मंसिर ११ गते जुनियर नाटा एकाई होलिभिजन पब्लिक स्कूल लंकुको संयोजकत्वमा जुनियर नाटाका अध्यक्षको सभापतित्व र नेपाल क्षयरोग निवारण संस्था जिल्ला शाखा चितवनका सभापति लिलाराज खरेलको प्रमुख आतिथ्यतामा हाजिर जवाफ प्रतियोगिता सम्पन्न भयो । ३१ वटा विद्यालयको सहभागिता रहेको उक्त कार्यक्रममा मिलन आवासिय माध्यामिक विद्यालय, Small Heaven School र स्काई राटर मा.वि. भरतपुर क्रमशः प्रथम, दृतिय र तृतिय भएका थिए ।

राष्ट्रिय क्षयरोग नियन्त्रण दिवसको दिन शाखाका यशस्कर सदस्य उत्तर कुमार मल्लले शाखाको भवन निर्माण देखि पटक पटक शाखालाई आर्थिक तथा भौतिक सहयोग गरेका कारण सो सहयोगबाट विरामीको उपचारमा सर्वसुलभता भएकोले विरामीको तर्फबाट वहाँलाई ऱ्याली सहित बजार परिक्रमा गराई कार्यक्रममा अभिनन्दन गरियो । उक्त कार्यक्रममा यस वर्षको राष्ट्रिय क्षयरोग दिवसको नारा सहितको ब्याच वितरण गरिनुका साथै ऱ्यालीमा सहभागि विरामी तथा अन्य महानुभावहरुलाई फलफूल तथा जुस वितरण गरिएको थियो ।

# भक्तपुर जिल्ला शाखा:

६२ औं राष्ट्रिय क्षयरोग नियन्त्रण दिवसको उपलक्ष्यमा नेपाल क्षयरोग निवारण संस्था जिल्ला शाखा भक्तपुर र जिल्ला विकास समिति भक्तपुरको साझेदारी कार्यक्रम अन्तर्गत



सामुदायिक विद्यालय तर्फ भक्तपुर जिल्ला व्यापि मा.वि. स्तरीय "क्षयरोग नियन्त्रणमा स्थानिय निकायको भूमिका" विषयक वक्तित्वकला प्रतियोगिता सम्पन्न भयो । उक्त प्रतियोगितामा आर्दश उच्च मा.वि. भेलुखेलका सुनिल खड्का प्रथम भएका थिए । क्षयरोग नियन्त्रण गर्न स्थानिय रुपमा बजेट व्यवस्था गरि जनचेतनामूलक कार्यक्रमलाई अगाडि बढाउनु पर्ने र प्रत्येक वडा वडामा डट्स क्लिनिकहरुको स्थापना गरि क्षयरोगको रोकथाम गर्नुपर्नेमा उनले जोड दिएका थिए । उक्त कार्यक्रममा भक्तपुर जिल्लाका १७ वटा सामुदायिक विद्यालयको सहभागिता थियो । संस्थाले ६२ औं राष्ट्रिय क्षयरोग नियन्त्रण दिवसमा चियापान तथा अन्तरक्रिया, व्याच तथा पर्चा वितरण र विचार गोष्ठि कार्यक्रम गरि मनाइएको थियो ।

त्यसैगरी यही माघ १३ गते विभिन्न कलेजबाट नेपाल क्षयरोग निवारण संस्था भक्तपुरमा इन्टर्नशीप गरिरहेका विद्यार्थी बीच संस्थाकै सभाहलमा अन्तरक्रिया गरिएको छ ।

भक्तपुरमा क्षयरोग र नेपाल क्षयरोग निवारण संस्थाको बारेमा अध्ययन अनुसन्धान गर्न इन्टर्नशीपका लागि आएका विद्यार्थीहरु बीच क्षयरोग र समसामयिक विषयमा छलफल भयो । संस्थाका सभापति बाबुकाजी श्रेष्ठले सामाजिक शिक्षा लिई क्षयरोग र संस्थाको बारेमा जानकारी एवं अनुसन्धानको लागि संस्थालाई नै रोजेर इन्टर्नशीपका लागि आएका विद्यार्थीहरुलाई स्वागत गर्नुका साथै भक्तपुरमा क्षयरोगको स्थिति र समाजसेवा गर्दा अपनाउनु पर्ने आधारभूत कुराहरु प्रकाश पार्नुभयो ।

के. एण्ड के. कलेज बानेश्वरबाट ७ जना, ख्वप कलेजबाट ४ जना र जनप्रेमी कलेजबाट २ जना गरी १३ जना इन्टर्नशीपका लागि आएका विद्यार्थीहरुलाई क्षयरोग र संस्थाको बारेमा प्रकाश पार्नु भएको थियो ।

सोही अन्तरक्रियामा कार्यालय सचिव हिरण्य प्रताप सांगामीले भक्तपुरमा क्षयरोग नियन्त्रणमा अझै चुनौति रहेको त्यसको कारक तत्व पत्ता लगाउनु पर्ने भएकोले विद्यार्थीहरुको भूमिका महत्वपूर्ण हुने बताउनुभयो ।

त्यस्तै जनप्रेमी कलेजका सामाजिक शिक्षक रवि श्रेष्ठले इन्टरर्नशीप गर्दा विद्यार्थीले अपनाउनु पर्ने अनुशासन र संस्थासँग



राख्नुपर्ने सम्बन्धका बारेमा चर्चा गर्नुभयो । साथै जन्त्रका प्रतिनिधि मेनुका भासिमाले क्षयरोग नियन्त्रणकै मुख्य लक्ष्य राखी भक्तपुरमा क्षयरोग नियन्त्रण कार्यक्रम ल्याएको बताउनुभयो ।

यही फागुन ९, २०७२ मा क्षयरोगी विरामीहरुलाई क्षयरोग बाहेक अन्य रोगहरुबाट संक्रमण रोक्न नेपाल क्षयरोग निवारण संस्था जिल्ला शाखा भक्तपुरले स्वास्थ्य परीक्षण गरेको छ ।

नेपाल क्षयरोग निवारण संस्था भक्तपुर डट्स क्लिनिकमा औषधी सेवन गरिरहेका क्षयरोगी विरामी ४० जना महिला, पुरुष तथा बालबालिकाको स्वास्थ्य परीक्षण गरिएको थियो ।

संस्थाका सभापति बाबुकाजी श्रेष्ठको सभापतित्वमा भएको उक्त स्वास्थ्य परीक्षण कार्यक्रममा किष्ट अस्पतालका फिजिसियन डा. अनुपमा अमात्य र डा. विवेक ब्वयुजुले विरामीहरुको स्वास्थ्य परीक्षण गर्नु भएको थियो ।

नेपाल क्षयरोग निवारण संस्था र जापान नेपाल स्वास्थ्य तथा क्षयरोग अनुसन्धान संस्था (जन्त्र) को संयुक्त आयोजनामा भएको उक्त कार्यक्रममा संस्थाका सचिव राम सिख्व:, जन्त्रका फिल्ड सुपरभाइजर पार्वती थापा, डा. अनुपमा अमात्य लगायत वक्ताहरुले समयमै रोग पहिचान भएमा समयमै निको पार्न सकिने र क्षयरोगको साथसाथै अन्य रोगहरुको पनि उपचार हुने भएकोले यस स्वास्थ्य परीक्षणलाई निरन्तरता दिनु पर्नेमा जोड दिनुभयो ।

## मोरङ जिल्ला शाखा :

क्षयरोग नियन्त्रण र रोकथामको लागि पूर्वाञ्चल क्षेत्रिय स्वास्थ्य निर्देशनालयले जिल्ला जनस्वास्थ्य कार्यालय मोरंगको सहयोग र नेपाल क्षयरोग निवारण संस्था मोरंग जिल्ला शाखाको आयोजनामा क्षयरोग सम्बन्धी सचेतनामूलक कार्यक्रम अन्तर्गत ६२औं राष्ट्रिय क्षयरोग नियन्त्रण दिवस मनाउँदै समाजलाई क्षयरोग मुक्त बनाऔं, सबैले यसमा प्रतिवद्धता जनाऔं भन्ने मुल नाराका साथ सप्ताहव्यापिक रुपमा मनाएको थियो । कार्यक्रमको अवसरमा उपचारमा रहेका सबै विरामीहरुलाई टी.वी., एम.डी.आर., एच.आई.भी. रोग



नियन्त्रण सम्बन्धी जानकारी गराउदैं र नियमित औषधी सेवन गरेमा क्षयरोग निको हुने दर बढी हुन्छ भन्दै राष्ट्रिय स्थानिय पत्रपत्रिका, एफ.एम. र टेलिभिजनद्वारा सन्देश प्रशारण गरिएको



थियो । कार्यक्रम मोरंग जिल्ला लगायत विराटनगर उपमहानगरपालिका भित्र सप्ताहव्यापी कार्यक्रम भव्य रुपमा सम्पन्न गरिएको थियो ।

## दाङ जिल्ला शाखा:

६२औं राष्ट्रिय क्षयरोग नियन्त्रण दिवसको सिलसिलामा यस शाखाबाट त्रिपुर नगर पालिका वडा नं ४ बेलुवामा जनभावना स.व.उ.स. अन्तर्गतका १० उपसमितिहरुका पदाधिकारी उपभोक्ता र गन्य मान्य व्यक्तिहरुलाई क्षयरोग भनेको के हो, कसरी सर्दछ, यसका लक्षणहरु, डट्स विधि लगायत अन्य सचेतना सम्बन्धी अभिमुखीकरण गोष्ठि गरि मनाईयो । यस गोष्ठिको सभापतित्व शाखाका सभापति खिमलाल डाागीज्यूले गर्नुभएको थियो । उक्त गोष्ठिमा प्रमुख अतिथि जनभावनाका उपाध्यक्ष प्रधान चौधरी, अतिथि श्रोत व्यक्ति रोबर बहादुर के.सी. र गुरु प्रसाद चौधरीले शुभकामना दिनुभएको थियो । उक्त गोष्ठिका सहभागिलाई सभापति खिमलाल डाँगी र सचिव लाल बहादुर आर.सीले प्रशिक्षण गर्नु भएको थियो । यस जिल्ला शाखाबाट २०७२ साल आश्विन र कार्तिक महिनामा स्थानिय स्तरमा संस्थाको आफ्नै साधन र श्रोतमा क्षयरोग तथा एच.आई.भी. एड्स सम्बन्धी सचेतना गोष्ठि पनि संचालन गरिएको थियो ।

## बाँके जिल्ला शाखा :

६२ औं राष्ट्रिय क्षयरोग नियन्त्रण दिवसको अवसरमा नेपालगंजमा उपचारमा रहेका क्षयरोगी विरामीहरु,बागेश्वरी मन्दिर परिसरमा रहेका जेष्ठ नागरिकहरु र डट्स सेन्टर र रेफरल क्लिनिकमा रहेका विरामीहरुलाई शाखाका सभापति रण प्रसाद राणा, निवर्तमान सभापति पूर्णलाल चूके, सदस्य सुन्दर लाल शाक्य, कार्यक्रम संयोजक माधव राम बर्मा र कार्यालय सहायक देवेन्द्र पौडेलद्वारा फलफूल वितरण गरियो ।


**प्रधानसम्पादक**

**श्री मदन काजी श्रेष्ठ**

*(महासचिव)*

**सम्पादक मण्डल**

**श्री मदन गोपाल मैनाली**

*(उप-महासचिव)*

**श्री महेन्द्र गोपाल कर्माचार्य**

*(उप-कोषाध्यक्ष)*

**सहयोगी**

**लाल मणि जोशी**

**अनु थापा मगर**

**र**

**सुविना तुलाधार**

**प्रकाशक**

**नेपाल क्षयरोग निवारण संस्था**

कालिमाटी, पो.ब.नं. १४९४, काठमाडौ

फोन नं.: ४२७५३९५, ४२७६४५१, फ्याक्स: ४२७००१९

Email: nata@antitb.wlink.com.np

website: www.antitb.org.np

## ललितपुर जिल्ला शाखा:

राष्ट्रिय क्षयरोग नियन्त्रण दिवस २०७२ मंसिर १३ गते मनाउने क्रममा ललितपुर जिल्ला शाखाले लगभग १५० जना विद्यार्थीहरु शिक्षक, शिक्षिका र शाखाका पदाधिकारीहरुबाट ललितपुर पाटनका विभिन्न स्थानहरुमा र्‍याली आयोजना गर्दै समाजलाई क्षयरोग मुक्त बनाऔं, सबैले यसमा प्रतिवद्धता जनाऔं भन्ने नारा अंकित ब्यानर, पर्चा वितरण गर्दै जनमानसमा चेतना विस्तार गर्ने कार्य सम्पन्न गरेको छ । उक्त र्‍यालीमा श्री शान्ति उच्च मा.वि., श्री ललित कल्याण नि.मा.वि. भोलढोका लगायतका अन्य थुप्रै विद्यालयहरुको सहभागिता रहेको थियो ।

## कास्की जिल्ला शाखा :

६२ औं राष्ट्रिय क्षयरोग नियन्त्रण दिवसको उपलक्ष्यमा यस जिल्ला शाखाका सभापति केशव भण्डारी, सचिव गणेश बहादुर




ढकाल र सदस्य मुकुन्द आचार्यको उपस्थितिमा भएको क्षयरोग सम्बन्धी चर्चा परिचर्चा कार्यक्रमको प्रत्यक्ष प्रशारण गरिएको थियो । सो प्रसारण स्थानिय सुनौलो एफ.एम.रेडियोबाट गरिएको थियो । त्यस्तै सोही अवसरमा जिल्ला शाखाका सभापति सहित सदस्यहरुबाट पोखराको पृथ्वी चोकमा व्याच वितरण कार्यक्रम पनि सम्पन्न भएको थियो ।

## पर्सा जिल्ला शाखा :

नेपाल क्षयरोग निवारण संस्था पर्सा शाखाले वीरगंज स्थित श्री माई स्थान बाल विद्या मन्दिर इन्दु लाखे नि.मा.वि.मा मंसिर २१, २०७२ मा ६० जना स्थानिय महिलालाई समग्र




रुपमा भेला गराई कार्यक्रमको आयोजना गरियो । सो कार्यक्रममा शाखाका पदाधिकारी एंव सदस्यहरुले स्थानिय महिलाहरुलाई क्षयरोग बारे जानकारी गराउनुभयो । कार्यक्रममा पम्प्लेट, पर्चा, क्षयरोग परिचय पुस्तिका जस्ता सामाग्रीहरु पनि वितरण गरिएको थियो ।

## कैलाली जिल्ला शाखा:





६२ औं क्षयरोग नियन्त्रण दिवसको अवसरमा कैलाली जिल्ला शाखाले पनि विविध गतिविधिहरुका साथ यो दिवस सम्पन्न गरेको थियो । उक्त अवसरमा पर्चा, प्याम्प्लेट वितरण, ब्याच वितरण लगायत क्षयरोग सम्बन्धी विविध जानकारीमूलक गतिविधि आयो जना गरेको थियो ।

## बारा जिल्ला शाखा:

६२औं राष्ट्रिय क्षयरोग नियन्त्रण दिवस बारा जिल्ला शाखाले जिल्ला स्वास्थ्य कार्यालय बारा कलैयासंग समन्वय गरी प्रमुख अतिथि श्री रामधारी प्रसाद यादव तथा जिल्लाका पदाधिकारीहरु वीच क्षयरोग नियन्त्रण कसरी गर्न सकिन्छ भन्ने विषयमा विभिन्न विद्यालय बीच वक्तृत्वकला प्रतियोगिता कार्यक्रम गरियो । जसमा श्री कलैया ब्राइट लेण्ड स्कूल, श्री मनोकामना बोर्डिङ्ग स्कूल र श्री सिद्धि विनायक बोर्डिङ्ग स्कूलको सहभागिता रहेको थियो । उक्त प्रतियोगितामा श्री मनोकामना बोर्डिङ्ग स्कूल प्रथम भएको थियो । प्रथम हुने स्कूललाई पुरस्कार एंव प्रमाण पत्र वितरण गर्दै उपस्थित अतिथिहरु र प्रमुख अतिथिबाट ६२औं क्षयरोग नियन्त्रण दिवसको नारालाई प्रतिवद्धता जनाउँदै आ-आफ्नो शुभकामना मन्तव्य व्यक्त गर्दै कार्यक्रम समापन गरियो ।

**Nepal Anti-Tuberculosis Association**
P.O.Box:1494
Kalimati, Kathmandu ,Nepal
Tel: +977-1-4275395,4276451
Fax:+977-1-4270019
Email:nata@antitb.wlink.com.np
Website: www.antitb.org.np